**“जिल्ला समन्वय समितिका जिम्मेवारीहरु मानकमा आधारित एवं थप प्रभावकारीरुपमा ब्यबस्थापन गर्न तथा जिल्ला समन्वय समितिको आबश्यकता एवं स्थायित्वको सन्दर्भमा आगामी कार्यदिशामा छलफल गर्न आयोजित कार्यक्रम” मा भएको छलफल तथा प्रस्तुतीको निष्कर्षको प्रतिवेदनः**



**जिल्ला समन्वय समिति महासंघ कोशी प्रदेश समितिद्वारा आयोजित**

**समन्वय, समीक्षा, अनुगमन, क्षमता विकासका जिम्मेवारीहरु स्तरीकरणका लागि आयोजित कार्यक्रममा**

**पाल्नुहुने सम्पूर्ण अतिथि महानुभावहरूमा हार्दिक स्वागत गर्दछौं ।**

मिति : २०८३ बैशाख २८–२९ बसन्तपुर, तेह्रथुम    आयोजक : जिल्ला समन्वय समिति महासंघ कोशी

# विषय सूची


| क्र.सं. | विषय | विवरण | पेज नं. |
|---|---|---|---|
| १ | परिचय | जिल्ला समन्वय समितिको परिचय | |
| २ | कार्यक्रम | कार्यक्रम तालिका | |
| ३ | प्रेस विज्ञप्ती | जिल्ला समन्वय समिति महासंघ कोशीको प्रेस नोट | |
| ४ | जलवायु परिवर्तनको असर | जलवायु परिवर्तनको असरको बिषय तथा यस सम्बन्धमा जिससबाट हुनसक्ने समन्वय सन्दर्भमा जिल्ला बन कार्यालय तेह्रथुमको प्रस्तुती | |
| ५ | स्रोत पुस्तिकाको प्रमुख सवाल | जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम सन्चालन श्रोत पुस्तिका, २०८२ को प्रमुख सवालमा जिल्ला समन्वय अधिकारी तेह्रथुमको प्रस्तुती | |
| ६ | जिसस महासंघ कोशी प्रदेश | जिल्ला समन्वय समिति महासंघ कोशी प्रदेश समिति | |
| ७ | जिसस समन्धमा धारणा | जिल्ला समन्वय समिति समन्धमा धारणा ब्यक्त गर्नुहुने महानुभावहरु | |
| ८ | कार्यपत्र | जिल्ला समन्वय समितिको सन्दर्भमा जिसस महासंघबाट प्रस्तुत कार्यपत्र | |
| ९ | तस्विरहरु | याक, चौरी, लालिगुरांस तथा गुफापोखरी अवलोकन, मन्दिरदर्शन | |

# १. परिचय

नेपालको संविधानको धारा २२०, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (९२-९६, ९८), संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा (२६), लगाएतका प्रचलित कानुन वमोजिम जिल्लामा रहने संघीय सरकारी कार्यालय र प्रदेश सरकारी कार्यालय, गाउँपालिका/नगरपालिका, निजी क्षेत्र तथा गैह्र सरकारी संस्थाविच समन्वय गर्ने, समीक्षा गर्ने तथा उक्त निकायहरुबाट गरिने विकास निर्माण कार्यको अनुगमन गर्ने जिम्मेवारी जिल्ला समन्वय समिति (जिसस) को रहेको छ ।

यस्ता महत्वपूर्ण जिम्मेवारीहरु मानकमा आधारित/ब्यबस्थित/समय-सीमा निर्धारण सहितका हुन तथा थप परिणाममुखि बनाउन जिससका कार्यक्रमहरुलाई थप स्तरीकृत गर्दै, सरकारले प्रचलनमा ल्याएका ५ वटा प्रमुख बिषय क्षेत्र (१.सुशासन तथा संस्थागत बिकास २.सामाजिक बिकास ३.आर्थिक बिकास ४.पूर्वाधार बिकास ५.बन, वातावरण तथा बिपद् ब्यवस्थापन) को खाका भित्र रही कार्यान्वयनमा लैजाने हाम्रो प्रयास रहेको जानकारी गराउंदछौं ।

नयाँ वर्ष २०८३ को आगमन संगसंगै जिल्ला समन्वय समितिका जिम्मेवारीहरु थप परिस्कृत गर्दै जाने शिलशिलामा शुभकामना आदान प्रदानको कार्यक्रम सहित चौरी महोत्सवको अवसर पारेर जिल्ला समन्वय समिति महासंघ कोशी प्रदेशले "जिल्ला समन्वय समितिका जिम्मेवारीहरु मानकमा आधारित एवं थप प्रभावकारीरुपमा ब्यबस्थापन गर्न तथा जिल्ला समन्वय समितिको आबश्यकता एवं स्थायित्वको सन्दर्भमा आगामी कार्यदिशामा छलफल गर्न" तेह्रथुमको बसन्तपुरमा मिति २०८३ बैशाख २८-२९ गतेको लागि तय गरिएको कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा भएको छलफल तथा प्रस्तुतीको निष्कर्ष निम्न बमोजिम प्रतिवेदन को रुपमा प्रस्तुत गरिन्छ ।

# २. कार्यक्रम तालिका

## पहिलो दिनः२०८३/०१/२८

| SN | Program | Time | Remarks |
|---|---|---|---|
| | Registration/Breakfast | | |
| 1 | MC/Announcer and Tea/Coffee | | Mr.Gopal Thapa, Secretary, ADCCN Koshi |
| 2 | Program Chair and outline of the program | | Mr.Chhiring Lama, ADCCN Koshi Province Committee Chief |
| 3 | Seat taking, National Anthem | | |
| 4 | Program Inaugurating by reading the program banner | | Chief Guest: Hon'ble Bidur Lingthep, Minister of Economic Affairs & Planning, Koshi Govt.<br><br>Special Guest and Guest:<br><br>Koshi Province Assembly Member & Former Minister Hon'ble Til Kumar Manangbo<br><br>Koshi Province Assembly Member & Former Minister Hon'ble Nirmala Tawa<br><br>ADCCN Chairperson and DCC Sunsari Chief Mr.Rajan Mehta<br><br>ADCCN General Secretary and DCC Rasuwa Chief Mr.Ashok Kumar Ghimire<br><br>ADCCN Province Chief from Madhesh Province Committee and Gandaki Province Committee<br><br>DCC Chief/Deputy Chief/Members from 14 DCCs of Koshi Province<br><br>DCC Chief/Deputy Chief/Members from other province DCCs<br><br>MuAN Koshi Chief and Mayor of Belbari Municipality Dil Prasad Waiba<br><br>NARMIN Koshi Chief or Representative<br><br>Mr.Arjun Mabuhang, Mayor of Laligurans Municipality, Terhathum<br><br>Mr.Bijaya Wonam, Chairman, MaiwaKhola Rural Municipality, Taplejung<br><br>District Chair/Representative from Political Parties<br><br>ADCCN ED Bharat Kumar Bhattarai |

| SN | Program | Time | Remarks |
|---|---|---|---|
| | | | DCOs from DCCs<br>District Level Office Chief/Representatives from Govt Offices/Palikas<br>FNJ Koshi Chief and Representatives<br>FNJ Terhathum Branch Chief and Representatives<br>Terhathum District Chief/Representative from FNCCI, HAN, Pathivara Temple Conservation, Community Forest Users Association, Chief of GUPHA Society, Artist & Cultural Performers |
| 5 | Welcome Speech | | Mr. Shri Prasad Karki, Spokesperson, ADCCN Koshi |
| 6 | Welcome Dance | | Limbu Cultural Performance: Chyabrung Nach |
| 7 | District Coordination related Paper Presentation | | Mr.Bharat Kumar Bhattarai, ADCCN |
| | Lumch | | |
| 8 | Opinion/Speech | | Mr.Rajan Mehta, Chairperson, ADCCN |
| | Opinion/Speech | | MuAN Koshi Chief and Mayor of Belbari Municipality, Morang Dil Prasad Waiba<br>NARMIN Koshi Chief or Representative |
| | Opinion/Speech | | Mr.Arjun Mabuhang, Mayor of Laligurans Municipality, Terhathum |
| | Opinion/Speech | | Mr.Bijaya Prakash Wonam, Chairman, MaiyaKhola Rural Municipality, Taplejung |
| | Opinion/Speech | | ADCCN Madhesh Province and DCC Mahottari Chief Mr.Suman Lal Karn |
| | Opinion/Speech | | ADCCN Gandaki Province Chair and DCC Kaski Chief Mr.Liladhar Poudel |
| | Opinion/Speech | | Mr.Rishidev Phuyal, Lalitpur DCC Chief |
| | Opinion/Speech | | Mr.Ashok Kumar Ghimire, General Secretary, ADCCN |
| | Opinion/Speech | | Chief Guest: Hon'ble Bidur Lingthep, Minister of Economic Affairs & Planning, Koshi Govt. |
| | | | |
| 9 | Cultural Program | | Lama Dance |
| | Cultural Program | | ………….. |

| **SN** | **Program** | **Time** | **Remarks** |
|---|---|---|---|
| | | | |
| 10 | Game - Running Competition | | 100 meter Running Competition among Drivers from all DCCs |
| | Game – Thread/String/Dori | | Thread/String/Dori pulling Competition among Elected Officials |
| | Game - Lucky Draw Picking | | Lucky Draw Picking among Staff members of DCCs from Koshi Province |
| | | | |
| 11 | Distribution of Medal of Honor | | |
| 12 | Distribution of Recognition Certificate | | |
| 14 | Distribution of Recognition Medal | | |
| 14 | Distribution of Token of Love | | |
| 15 | 1st day Session Closing Speech | | Chair |

## दोश्रो दिनः२०८३/०१/२८

| **SN** | **Program** | **Time** | **Remarks** |
|---|---|---|---|
| 1 | जलवायु परिवर्तनको असरको बिषयमा प्रस्तुती | | Mr.Badri Prasad Saha,<br>DFO, Division Forest Office, Terhathum |
| 2 | जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिका, २०८२ को प्रमुख विशेषता प्रस्तुती | | Mr.Raj Kumar KC,<br>District Coordination Officer, DCC Terhathum |
| 3 | याक, चौरी, लालिगुरांस तथा गुफापोखरी अवलोकन एवं मन्दिरदर्शन | | Yak and Chauri Farmers Community |
| 4 | 2nd. day Session Closing | | Chair |

# **३. प्रेस नोट**

जिल्ला समन्वय समितिका जिम्मेवारीहरु मानकमा आधारित एवं थप प्रभावकारीरुपमा ब्यबस्थापन गर्न तथा
जिल्ला समन्वय समितिको आबश्यकता एवं स्थायित्वको सन्दर्भमा आगामी कार्यदिशामा छलफल गर्न
जिल्ला समन्वय समिति महा**संघ** कोशी प्रदेश समितिले तेह्रथुमको बसन्तपूरमा मिति २०८३ बैशाख २८ र
२९ गते आयोजना गर्न लागेको कार्यक्रमका सन्दर्भमा
मोरङको बिराटनगरमा मितिः २०८३ बैशाख २५ गते आयोजित

**पत्रकार सम्मेलन :**

| क.सं. | विषय/विवरण | कैफियत |
|---|---|---|
| १ | तिनजुरे, मिल्के, जलजले (TMJ) क्षेत्रको पर्यटन विकास, सडक पूर्वाधारको स्तरोन्नती मा समन्वय एवं याक-चौरी अवलोकन सहित नयांबर्ष २०८३ को हार्दिक शुभकामना !!! | संखुवासभा, तेह्रथुम र ताप्लेजुङको संगमस्थल<br>TMJ क्षेत्रको पर्यटन विकास, सडक पूर्वाधारको स्तरोन्नती को लागि जिल्ला समन्वय समितिको "समन्वय" गर्ने जिम्मेवारी कार्यान्वयन । |
| २ | **जिल्ला समन्वय समितिः** जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय, गाउँ/नगरपालिका, गैह्र सरकारी संस्था तथा निजीक्षेत्र बीच समन्वय गर्ने, समीक्षा गर्ने तथा उक्त निकायहरुबाट गरिने विकास निर्माण कार्यको अनुगमन गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिको रहेको छ । | जिल्लाको ऐतिहांसिक महत्व तथा हाम्रा जिम्मेवारीहरुलाई मध्यनजर गर्दै जिल्ला स्थित निकायहरुले आफ्ना नीति, कार्यक्रम तय गर्दा तथा कार्यान्वयन गर्दा जिसस संग आवश्यक समन्वय गर्नुहुन अनुरोध गरिन्छ । |
| ३ | जिससका समन्वय, समीक्षा, अनुगमन, क्षमता विकास जस्ता प्राविधिक एवं ब्यबस्थापकीय जिम्मेवारीहरु तथ्यमा रहेर कार्यान्वयन गर्न जिल्लाको सूचना/तथ्यांक/अभिलेख को उपलब्धता प्रागमिकतामा राखिएको छ । | जिल्ला स्थित विषयगत निकाय /तथा पालिकाहरु संग जिल्लाको आफ्नो निकाय संग सम्बन्धित सूचना/तथ्यांक/अभिलेख जिससमा उपलव्ध गराई दिनुहुन अपिल गरिन्छ । |
| ४ | जिल्ला सूचना तथा अभिलेख केन्द्र लाई मजबुध बनाई कृयाशिल बनाउन प्रयास गरिएको छ ।<br>**अन्तरसरकारी निकायसंग जिल्लाको सूचना आदान-प्रदानमा समन्वयमा जोड दिइएको छ ।** जस्तैः<br>• प्रणाली मार्फत सूचना आदान प्रदानमा जोड<br>• जिम्मेवारीहरु कार्यान्वयनमा सूचना प्रविधि प्रयोग<br>• जिम्मेवारीहरु कार्यान्वयनमा निकायहरुसंग नलेज सेयरिङ<br>• कर्मचारी मिलन केन्द्र, प्रशासनिक समन्वय परिषद जस्ता संयन्त्रको उपयोगितामा जोड<br>• Pragati Portal, LGPAS, PAMS, SuTRA जस्ता प्रणालीको उपयोगमा जोड दिईएको छ । | जिल्ला सूचना तथा अभिलेख केन्द्रको महत्व र आवश्यकता बुझि आबश्यक सहयोग को लागि सरकार तथा निकायहरु संग अनुरोध गरिएको छ ।<br>जिल्ला सूचना तथा अभिलेख केन्द्र व्यवस्थापकको रुपमा एकजना सूचना प्रविधि (IT Background) को कर्मचारीको लागि सरकार/ निकाय संग अनुरोध छ ।<br>जिल्लाका निकायहरुमा लेखापरिक्षण/बेरुजु फर्छौटमा समन्वय र अनुगमन कार्यको लागि एक जना लेखा परिक्षण अधिकारी कर्मचारीको लागि सरकार/निकाय संग अनुरोध छ । |
| ५ | जिल्लाका पालिका र निकायहरुले मध्यकालीन खर्चसंरचना (MTEF), परियोजना बैक (Project Bank) निर्माणताका संतुलित बिकास, दिगो बिकासको मर्म अनुसार हुनको लागि बिशेष पहल गरिने छ । | जिल्लाको संतुतिल विकासको लागि जिससले लिने पहलमा सहयोगको लागि मन्त्रालय तथा निकायहरुसंग अपिल गरिएको छ । |

| क.सं. | विषय/विवरण | कैफियत |
|---|---|---|
| ६ | जिल्ला समन्वय समितिहरुका जिम्मेवारीहरु विशिष्टिकरण गर्दै लगिएको छ । जिम्मेवारीहरु मानकमा आधारित सूचकको रुपमा रहन विषयक्षत्रहरु (१) शुसासन तथा संस्थागत विकास (२) सामाजिक विकास (३) आर्थिक विकास (४) पुर्वाधार विकास (५) बन/वातावरण/विपद् न्युनिकरण मा जिम्मेवारीहरु आवद्ध गर्दै कार्यान्वयन गर्ने रणनीति लिइएको छ । | जिल्ला समन्वय समितिहरुका जिम्मेवारीहरु विशिष्टिकरण गर्दै लगिएकोमा आफ्नो निकाय संग सम्बन्धित सूचक हरु उपलब्ध गराई सहयोग गरिदिनु हुन जिल्ला स्थित विषयगत निकाय तथा पालिकाहरुसंग अपिल गरिन्छ । |
| ७ | जिससको जिम्मेवारीहरु एकिकृत गरि कार्यकम तय गर्न दस्तावेजको रुपमा तयार गरिएको "जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिका, २०८२" कार्यान्वयनमा ल्याईने छ । | उक्त स्रोत पुस्तिकामा उल्लेखित ४९ वटा विषय सूचीमा समाबेश गरिएका क.सं.८ पेजनं.११ मा उल्लेखित जिम्मेवारीहरु कार्यान्वयन मा श्रोतसाधन उपलब्धताको लागि सरकार तथा निकायहरु संग अनुरोध गरिन्छ । |

८

"जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिका, २०८२" मा रहेका ४९ वटा विषय सूचीहरुः

**विषय सूची**

| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | उद्देश्य | २ |
| ३. | महत्व | २ |
| ४. | उत्प्रेरित गर्ने रणनीति | ३ |
| ५. | कानूनी आधार | ४ |
| ६. | जिल्ला समन्वय समितिका प्रमुख कानुन र सम्बन्धित दफाको विवरण | ६ |
| ७. | जिल्ला समन्वय समितिको नीति | ८ |
| ८. | जिल्ला समन्वय समितिको कार्यक्रम तालिका | ११ |
| ९. | जिल्लाको समग्र बजेट (जिल्ला समन्वय समितिको आफ्नो सहित) | ३१ |
| १०. | जिल्ला सूचना तथा अभिलेख केन्द्र | ३२ |
| ११. | जिल्ला सूचना केन्द्रको अभिन्न अङ्गको रुपमा अभिलेखालय | ५७ |
| १२. | जिल्ला समन्वय समितिको प्रतिवेदन तथा समीक्षा/पुनरावलोकन/कार्यदक्षता प्रतिवेदन | ५९ |
| १३. | जिल्लाका निकायहरुको समीक्षा/कार्यदक्षता प्रतिवेदन (जिल्ला समन्वय समितिको आफ्नो सहित) | ६१ |
| १४. | जिल्ला समन्वय समितिले प्रकाशन गर्ने स्वतः प्रकाशनको खाका | ७० |
| १५. | जिल्ला समन्वय समितिले गर्ने अनुगमन एवं मूल्याङ्कन | ७४ |
| १६. | जिल्लाका निकायको लेखापरीक्षण, बेरुजु फर्छ्यौटमा जिल्ला समन्वय समितिको समन्वय सम्बन्धमा | ७७ |
| १७. | जिल्लाका निकायको संस्थागत क्षमता विकास तथा र्‍यापिड रेस्पोन्स टिमको अवधारणा | ७७ |
| १८. | दिगो विकास लक्ष्यका ५ स्तम्भ र १७ वटा लक्ष प्राप्तिमा समन्वय | ७८ |
| १९. | जिल्लाको एकिकृत आँकडाका लागि जिल्लास्तरीय "आधिकारिक डाटाबेस संयन्त्र" अवधारणा | ७८ |
| २०. | जिल्लास्तरीय निकायहरुमा "कर्मचारी व्यवस्थापन संयन्त्र सम्बन्धी" अवधारणा | ७९ |
| २१. | जिल्ला सभा/जि.स.स.को अविछिन्न महत्व सम्बन्धमा अवधारणा | ७९ |
| २२. | संघ/संस्था दर्ता तथा संघ/संस्थाले जिल्लामा गर्ने कार्यक्रम सूचना आदान-प्रदान | ८२ |
| २३. | कानुनी जिम्मेवारीअनुसार जि.स.स.ले मापदण्ड बनाई लागुगर्ने सम्बन्धमा | ८२ |
| २४. | एउटै जिल्लामा स्थानीय करको दर फरक फरक रहेको सम्बन्धमा | ८२ |
| २५. | पालिकामा केही विवाद आइपरे पहिले जि.स.स.मार्फत समाधान खोज्ने सम्बन्धमा | ८३ |
| २६. | पालिका/निकायहरुमा पर्यवेक्षक संस्कृतिको विकास सम्बन्धमा | ८३ |
| २७. | जिल्लाका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा | ८३ |
| २८. | अनुगमन सम्बन्धी कामगर्ने निकायकाबीच समन्वय तथा भूमिका छरितो बनाउने सम्बन्धमा | ८४ |
| २९. | संघ सरकार, प्रदेश सरकार तथा निकायका नीति, परिपत्र कार्यान्वयनको समीक्षा | ८४ |
| ३०. | अनुगमन र समन्वयमा जिल्लास्तरीय संयन्त्र निर्माण/कृयाशिलता अवधारणा | ८५ |
| ३१. | अन्तर-सरकारी निकायबीच समन्वय, सहकार्य सम्बन्धमा | ८६ |
| ३२. | जि.स.स.ले आफ्ना अन्य संवैधानिक जिम्मेवारीहरु कार्यान्वयन गर्ने सम्बन्धमा | ८६ |
| ३३. | कठिन विषयमा मानक तय गर्ने तरिका (जस्तै औषधि प्रयोग र समन्वय/अनुगमन) | ८६ |
| ३४. | कठिन विषयमा मानक तय गर्ने तरिका (पर्यटक हुँदै यात्रु बन्न सक्नु) | ८८ |
| ३५. | कठिन विषयमा मानक तय गर्ने तरिका (कार्य विशिष्टतासँगै दिगो तथा स्थिर सेवाको उपलब्धता र दक्षता) | ८८ |
| ३६. | राज्यले गर्ने लगानी (सामाजिक क्षेत्रको समेत) बाट लिन सकिने प्रतिफल मापनका केही आधारहरु | ८९ |
| ३७. | सकारात्मक सोँचबाट गरिएका कार्यहरु परिणाममुखी रहने सवाल | ९० |
| ३८. | जिल्लाको सन्तुलित विकासका लागि परियोजना बैंक | ९१ |
| ३९. | जनप्रतिनिधि, कर्मचारी तथा मूल्याङ्कनकर्ताको आचारसंहिता सम्बन्धमा | ९४ |
| ४०. | जिल्लाको महत्व रही रहने सवाल | ९४ |
| ४१. | जिल्ला समन्वय समितिको संस्थागत प्रतिनिधित्व हुने केही समितिहरु | ९७ |
| ४२. | जिल्ला समन्वय समितिको दैनिक डायरीको महत्व | १०० |
| ४३. | जिल्ला समन्वय समिति सम्बन्धी केही महत्वपूर्ण कानुनहरु | १०० |
| ४४. | संशोधनका क्रममा रहेका केही महत्वपूर्ण कानूनहरुमा गरिनुपर्ने पहल/पैरवी | १०१ |
| ४५. | केही महत्वपूर्ण विषयमा लिनुपर्ने (गर्नुपर्ने) पहल/पुनः ताकेता | १०४ |
| ४६. | भविष्यमा हुनसक्ने नेपालको "संविधान" संशोधनका लागि बुँदाहरुको तयारी | ११२ |
| ४७. | कार्यक्रम, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रतिवेदनहरु | ११२ |
| ४८. | आवश्यकता अनुसार विज्ञको सेवा | ११२ |
| ४९. | नेपालका ७७ वटा जिल्लाको सामान्य जानकारी | ११३ |

"जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिका, २०८२" मा उल्लेखित ४९ वटा विषय सूची कार्यान्वयनमा सहयोगको लागि जिल्ला स्थित सरोकारका सबै निकायहरु (जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय, गाउँ/नगरपालिका, गैह्र सरकारी संस्था तथा निजीक्षेत्र) संग बिशेष अनुरोध गरिन्छ ।

उल्लेखित बिषय कार्यान्वयनबाट जिससका जिम्मेवारीहरु स्तरीकरण हुदैजाने, जस्तैः

१.निकायहरुको कार्यगत स्पष्टता बढ्दै जाने र दोहोरोपन घट्ने ।
२.अन्तर-सरकारी समन्वय संयन्त्रको सकृयता रहने ।
३.जिससका जिम्मेवारीहरु ब्यबस्थित हुंदैजाने ।
४.सूचना र तथ्यांक आदान-प्रदान मा एकद्धार ।

| क.सं. | विषय/विवरण |
|---|---|
| ९ | तेह्रथुमको बसन्तपूरमा २०८३ बैशाख २८ र २९ गते सम्पन्न गरि प्रतिवेदन प्रस्तुत गरिने छ । |

| **भरत कुमार भट्टराई** | **छिरिङ लामा** |
|---|---|
| कार्यकारी निर्देशक<br>जिल्ला समन्वय समिति महासंघ नेपाल | अध्यक्ष, जिल्ला समन्वय समिति महासंघ कोशी प्रदेश<br>एवं प्रमुख जिल्ला समन्वय समिति ताप्लेजुङ |

## ४. जलवायु परिवर्तनको असर तथा यस सम्बन्धमा जिससबाट हुन सक्ने समन्वयः

### जलवायु सम्बन्धी केही महत्वपूर्ण सचेतना कार्यक्रम

### आ.व. २०८२।०८३



**नमस्कार**

स्थान : श्री आर.आर. गार्डेन,लालीगुराँस न.पा.

मिति : २०८३–०१–२९ गते

प्रस्तुतकर्ता

श्री बद्री प्रसाद साह(डि.व.अ. )

डिभिजन वन कार्यालय

तेह्रथुम

### परिचय

- जलवायु परिवर्तन भनेको पृथ्वीको तापक्रम, वर्षा, हावा र वातावरणीय प्रणालीमा दीर्घकालीन परिवर्तन हो ।
- नेपाल विश्वको चौथो सबैभन्दा जोखिमपूर्ण देश हो ।
- विश्वव्यापी उत्सर्जनमा नेपालको हिस्सा नगण्य (०.२७ %) भए पनि प्रभाव अत्यधिक रहेको छ ।
- विश्वको औसत तापक्रमको तुलनामा नेपालको हिमाली क्षेत्रको तापक्रम तीब्र दरले (०.३ देखी ०.७ प्रति दशक) बढि रहेको छ ।
- जलवायुजन्य विपद्का कारण नेपालले वार्षिक कुल गार्हस्थ्य उत्पादन (GDP) को करिब २.२ % हिस्सा सन् २०५० सम्म गुमाउन सक्ने अनुमान गरिएको र सन् २०२४-२०२६ का बाढी पहिरोले जलविधुत र सडक पूर्वाधारमा अर्बौ क्षति पुर्याएको छ ।
- स्वास्थ्यमा प्रभाव : तराईमा शीतलहर र बढ्दो गर्मीका साथै पहाडी क्षेत्रमा डेंगु जस्ता कीटजन्य रोगहरुको संक्रामण फैलिएको छ ।

### जलवायु परिवर्तनका प्रभावहरु

हिमतालहरु तीव्र रुपमा पग्लिने क्रम बढ्दो ।

हिमताल विष्फोटन (Glacial Lake Outburst Floods) GLOFs.

**कृषि र जीविकोपार्जनमा प्रभाव** (अनियमित वर्षा,नयाँ प्रकारका कीरा र रोगहरुको प्रकोप)

जलस्रोत र उर्जामा प्रभाव (नदीमा पानीको बहाव परिवर्तन, जलविधुत आयोजनाहरुमा बाढी र पहिरोको क्षति, खानेपानीका मुहानहरु सुक्दै जानु)


### अनुकूलन रणनीति (Adaptation Strategy)

- स्थानीय अनुकूलन कार्ययोजना (LAPA) : समुदाय स्तरमा योजना निर्माण ।
- बाढी प्रतिरोधी घर र पूर्वाधार निर्माण ।
- सुख्खा सहने बालीका प्रजातिहरुको खेती ।
- वर्षाको पानी संकलन (Rainwater harvesting)
- स्थानीय ज्ञान र अनुभवलाई रणनीतिमा समावेश ।

### न्यूनीकरण रणनीति(Mitigation Strategy)


- नविकरणिय उर्जा: सौर्य र जलविधुतको प्रवर्द्धन ।
- विपद् जोखिम न्यूनीकरण -प्राकृतिक प्रकोप जस्तै बाढी, पहिरो, भूकम्पबाट बच्न पूर्व सूचना प्रणाली, उद्धार टोली र राहत सामाग्रीको व्यवस्था आदि)
- विधुतिय सवारी साधनको प्रयोगमा जोड ।
- नवीकरणीय उर्जा : कोइला वा पेट्रोलको सट्टा सौर र जलविधुतको प्रयोग बढाउने ।
- कार्बन सोस्नका लागि वन संरक्षण र बृक्षारोपण ।

# ५. जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम सन्चालन श्रोत पुस्तिका, २०८२ को प्रमुख सवाल


















## ६. जिल्ला समन्वय समिति महासंघ कोशी प्रदेश समितिः

मिति २०८२।१२।१५ गते जिसस महासंघ कोशी प्रदेश कार्यसमितिको बैठक/भेला जिल्ला समनवय समिति सुनसरीको सभाहल इनरुवामा सम्पन्न भयो । कोशी प्रदेश सरकारका सामाजिक विकास मन्त्री मा. राम प्रसाद महतो ज्यू को प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रम महासंघका केन्द्रीय अध्यक्ष श्री राजन मेहता, प्रदेशका अधिकांश जिससका प्रमुख, उपप्रमुख तथा पदाधिकारीको उपस्थिति मा सम्पन्न भयो ।

उक्त बैठकका प्रमुख ऐजेण्डा तथा निर्णयहरुः

१. समन्वय, समिक्षा, अनुगमन जस्ता सुशासनका अभिन्न अंगका रुपमा जिम्मेवारीमा रहेका जिल्ला समन्वय समितिहरुको कार्यसम्पादन थप प्रभावकारी परिणाममुखी तथा मापन योग्य बनाउन आवश्यक श्रोत साधन तथा वजेटका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (१) बमोजिम संघ र प्रदेश सरकार संग पहल गर्ने निर्णय भयो ।

२. उक्त बैठक भेलाले जिल्ला समन्वय समिति महासंघ कोशी प्रदेश पुनर्गठन गरी निम्न बमोजिम प्रदेश कार्यसमिति गठन गरेको छ ।


| सि.नं. | नाम/थर | पद | जिल्ला | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | छिरिङ लामा | अध्यक्ष | ताप्लेजुङ्ग | |
| २. | गौर बहादुर वि.क. | उपाध्यक्ष | उदयपुर | |
| ३. | गोपाल मान थापा | सचिव | ओखलढुंगा | |
| ४. | कमला दहाल खतिवडा | कोषाध्यक्ष | सुनसरी | |
| ५. | रिता नेपाली | सह सचिव | झापा | |
| ६. | पेश्वा शेर्पा | सदस्य | सोलुखुम्बु | |
| ७. | चित्रकला बराईली | सदस्य | इलाम | |
| ८. | ज्ञानेन्द्र राई | सदस्य | खोटाङ्ग | |
| ९. | छेदर भोटे | सदस्य | संखुवासभा | |
| १०. | हेमन्त मिश्र | सदस्य | ताप्लेजुङ्ग | |
| ११. | हरीमायां वि.क. | सदस्य | मोरङ्ग | |
| १२. | चन्द्र कुमार राई | सदस्य | भोजपुर | |
| १३. | नेत्र भण्डारी | सदस्य | धनकुटा | |
| १४. | गोमा कार्की | सदस्य | उदयपुर | |
| १५. | हर्क प्रसाद लिम्बु | सदस्य | तेह्रथुम | |
| १६. | ला डिकि शेर्पा | सदस्य | भोजपुर | |
| | श्रीप्रसाद कार्की | प्रवक्ता | तेह्रथुम | |

३. जिल्ला समन्वय समितिको जिम्मेवारीहरु मानकमा आधारित, ब्यवस्थित, समय सिमा निर्धारित बनाउन जिसस महासंघले तयार गरेको "जिल्ला समनवय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिका २०८२" का प्रमुख विशेषता सम्बन्धमा प्रस्तुती एवं छलफल रह्यो । साथै बैठकले जिल्ला समन्वय समितिका जिम्मेवारी के कस्ता रहेका छन तथा तिनका कार्यन्वयनको मोडालिटि एवं कार्यान्वयनका समय-सिमा सरल रुपमा ब्याख्या गरिदिनु भएकोमा जिसस महासंघका कार्यकारी निर्देशक भरत कुमार भट्टराईलाई धन्यबाद प्रदान गरियो ।

### ४. कार्यक्रमका केही तस्विरहरु :





## ७. जिल्ला समन्वय समिति सम्वन्धमा धारणाः

| | **जिसस सम्वन्धमा धारणा राख्नुहुने महानुभावहरु** |
|---|---|
| १ | कोशी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्री मा. बिदुर कुमार लिंथेप |
| | |
| २ | दिल प्रसाद वाईवा, प्रमुख, बेलबारी नगरपालिका, मोरङ |
| ३ | विजय प्रकाश वनेम, मैवाखोला गाउँपालिका, ताप्लेजुङ |
| ४ | अर्जुन माबुहाङ, लालिगुराँस नगरपालिका, तेह्रथुम |
| | |
| ५ | राजन मेहता, अध्यक्ष जिसस महासंघ नेपाल तथा प्रमुख, जिसस सुनसरी |
| ६ | अशोक कुमार घिमिरे, महासचिव जिसस महासंघ नेपाल तथा प्रमुख, जिसस रसुवा |
| ७ | लिलाधर पौडेल, अध्यक्ष जिसस महासंघ गण्डकी तथा प्रमुख, जिसस कास्की |
| ८ | सुमन लाल कर्ण, प्रमुख, जि.स.स. महोत्तरी |
| ९ | राम राज आङदेम्बे, प्रमुख, जि.स.स. पांचथर |
| १० | ऋषिदेव फूयाँल, प्रमुख, जि.स.स. ललितपुर |

## ८. कार्यपत्र

**"जिल्ला समन्वय समितिका जिम्मेवारीहरु मानकमा आधारित एवं थप प्रभावकारीरुपमा ब्यबस्थापन गर्न तथा जिल्ला समन्वय समितिको आबश्यकता एवं स्थायित्वको सन्दर्भमा आगामी कार्यदिशामा छलफल गर्न आयोजित कार्यक्रम" मा प्रस्तुत गरिएको कार्यपत्र**

| |
|---|
| मितिः २०८३ बैशाख २८ र २९ |
| स्थानः आर.आर. गार्डेन, टिएमजे, बसन्तपूर, तेह्रमुम |
| प्रस्तुतिः भरत कुमार भट्टराई, कार्यकारी निर्देशक, जिल्ला समन्वय समिति महासंघ |

आजको यस कार्यक्रमको छलफलको बिषयवस्तु अनुसार जिससका जिम्मेवारीहरुलाई निम्न लिखित ३ वटा बिषयबस्तुमा छुट्याउँदै जिससको कार्ययोजना/रणनीतिको रुपमा यो कार्यपत्र प्रस्तुत गरिएको छ। जिल्ला समन्वय समितिका जिम्मेवारीहरु थप ब्यवस्थित बनाउन तथा सूचकहरु मानकमा आधारित रहि स्तरीकृत गर्न तथा जिल्ला समन्वय समितिको स्थायीत्वको लागि आगामी दिशा तय गर्न आयोजित यस कार्यक्रममा आफ्नो कार्यपत्र प्रस्तुत गर्ने अवसरको लागि आयोजक ज्यूहरुलाई विशेष धन्यवाद प्रदान गर्दछु।

## १. जिससका जिम्मेवारीहरु प्रभावकारी ब्यबस्थापन/कार्यान्वयन गर्न लिनुपर्ने रणनीति

| क्र.सं. | जिल्ला समन्वय समितिका जिम्मेवारीहरु |
|---|---|
| १.१ | जिल्ला समन्वय समितिको परिचयः<br><br>- नेपालको संविधानको धारा २२०, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (९२-९६, ९८), संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा (२६), लगाएतका प्रचलित कानुन वमोजिम जिल्लामा रहने संघीय सरकारी कार्यालय र प्रदेश सरकारी कार्यालय, गाउँपालिका/नगरपालिका, निजी क्षेत्र तथा गैह्र सरकारी संस्थाविच समन्वय गर्ने, समीक्षा गर्ने तथा उक्त निकायहरुबाट गरिने विकास निर्माण कार्यको अनुगमन गर्ने जिम्मेवारी जिल्ला समन्वय समिति (जिसस) को रहेको छ । |
| १.२ | जिससको कार्यान्वयन रणनीतिः<br><br>- जिल्ला स्थित निकाय संघ सरकारका कार्यालय, प्रदेश सरकारका कार्यालयहरु, पालिकाहरु, पत्रकारमहासंघ जिल्ला शाखा, उधोग बाणिज्य संघ जिल्ला शाखा आदी संग समन्व्य (यहा समन्वय गर्नु भनेको निकायहरु संग विवरण लिनु हो) गरी सूची तयार गरी आबश्यक रणनीति बनाउने ।<br><br>- जिससले आफ्ना जिम्मेवारीहरु कुसलता पुर्वक कार्यान्वयनमा लागी जिल्लाका निकाय/पालिकाको बेरुजु घटाउन, उच्च स्तरको विकास निर्माण हुन, संतुलित र दीगो विकास हुन ।<br><br>- जिल्ला स्थिति कुनै कार्यालय/पालिकाको, जिसस बाहेक अन्य निकाय/तालुक अड्डाहरुले समेत समन्वय/अनुगमन/समीक्षा गरेको रहेछ भने जिससले उक्त विषयको सूची बनाउने । अन्य निकायहरुवाट समेत आ-आफ्नै हिसावले समन्वय/अनुगमन/समीक्षा (आकस्मिक अनुगमन समेत) भएको हुन सक्ने हुंदा एक पटक भएको/गरिएको रहेछ भने उक्त प्रतिवेदन समेत लाई आधार लिई अनुगमन कार्य गर्ने । अनुगमन गर्ने निकायहरु विच समन्वय गरि संयुक्त (जोइन्ट) अनुगमन गर्ने परम्पराको लागि निकायहरु संग समन्वय गर्ने । जोइन्ट टिम ले अनुगमन गर्दा सवै निकायहरुले आ-आफ्नो विशेषज्ञता अनुसार बिभिन्न दृप्टिकोण वाट विश्लेषण हुने हुंदा अनुगमन प्रतिवेदन प्रभावकारी, संस्थागत तथा मितव्ययी हुने हुन्छ । यसरी जोइन्ट टिम ले अनुगमन गर्दा कार्यान्वयन गर्ने निकाय/पालिकाको काममा समेत बाधा नपुग्ने, दाहोरो तेहरो अनुगमन हुंदा कार्यान्वयनगर्ने निकाय/पालिका लाई अनावश्यक झन्झट नहुने परिस्थिति निर्माण हुन जिससको रणनीति लक्षित रहनु पर्दछ । |
| १.३ | - स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ९३ (१) मा ब्यबस्था भए अनुसार संघ सरकार तथा प्रदेश सरकारबाट बजेट लिनको लागि जिससले आफ्नो वार्षिक कार्यक्रम तयार गरी समयमै प्रस्ताव प्रस्तुत गर्ने (स्रोत पुस्तिकामा जिससका ५३ वटा जिम्मेवारीहरु सूचित गरिएको छ) । संघ सरकार समक्ष माघ मसान्त भित्र तथा प्रदेश सरकार समक्ष बैशाख १० भित्र प्रस्ताब प्रस्तुत गर्दा उपयुक्त हुन्छ ।<br><br>- जिससका जिम्मेवारी कार्यान्वयनको लागि अन्य संस्था, निकाय/पालिका हरु संग समेत श्रोत साधन ब्यबस्था को लागि पहल गर्ने । |

**१.४ आफ्ना जिम्मेवारीहरु प्रभावकारीरुपमा कार्यान्वयमा लैजानको लागि आ.ब २०८३/०८४ मा जिससबाट संघ सरकार तथा प्रदेश सरकार समक्ष प्रस्ताव गरिने न्युनतम कार्यक्रमः**

| क्र.सं. | जिससको विषय विवरण/कार्यक्रम | श्रोत निकाय | श्रोत, बजेट रु. | कैफिएत | उपलब्धि मापनका आधार |
|---|---|---|---|---|---|
| १ | पानी, विजुली, संचार, पारिश्रमिक, उपदान, बीमा, भाडा, मर्मत, निजीसचिव जस्ता अनिवार्य दायीत्व | | | *पेजनं.२८ | यसबाट जिससका जिम्मेवारी स्तरीकरण हुने जस्तैः<br>१.निकायहरुको कार्यगत स्पष्टता र कामको दोहोरोपना घट्ने ।<br>२.अन्तर-सरकारी समन्वय संयन्त्रको सकृयता ।<br>३.जससका जिम्मेवारीहरु ब्यबस्थित हुंदैजाने ।<br>४.सूचना र तथ्यांक आदान-प्रदान मा एकद्धार ।<br>५.जिम्मेवारीमा संस्थागत आधार तय हुने । |
| २ | जिससको भवन, सम्पत्ति, सवारीसाधन मर्मत | | | *पेजनं.२८ | ” ” |
| ३ | जिल्लासभा/जिसस/कर्मचारी बैठक, प्रतिवेदन | | | *पेजनं.१२ | ” ” |
| ४ | जिससको वार्षिक प्रतिवेदन | | | *पेजनं.२२, ५८ | ” ” |
| ५ | जिल्लाका निकायहरुको समीक्षा/पुनरावलोकन /कार्यदक्षता सूचन निर्धारण, प्रतिवेदन | | | *पेजनं.२२, ५८, ६१ | ” ” |
| ६ | समन्वय/सहजिकरण, समीक्षा, अनुगमन, क्षमता विकासजस्ता जिम्मेवारीहरुकोलागि जिल्ला सूचना तथा अभिलेख केन्द्र व्यवस्थापन, | | | *पेजनं.३२ | आई.टि.व्याग्राउण्डको कर्मचारी |
| ७ | जिल्ला सूचना केन्द्र मार्फत जिल्लाका निकाय/पालिकामा समन्वय/सहजिकरण (द्रुत आई.टि.सपोर्ट, लेखापरिक्षणमा सपोर्ट) गर्न सकिने। | | | *पेजनं.७७ | ” ” |
| ८ | जिल्लाका पालिकाहरु तथा जिससबाट कानुन सम्वन्धी समन्वय/सपोर्ट को लागि घुम्ति कानुनी सल्लाहकार जस्तो कर्मचारी जिससवाट उपलव्ध हुनसकेमा जिससलाई क्षमता विकासको थलोको रुपमा व्यवस्थापन गर्न सकिने। | | | *पेजनं.७७ | ” ” |
| ९ | जिससमा ले.प. समितिको गठन र कृयाशिलता | | | *पेजनं.७८ | ” ” |
| १० | अनुगमन (प्रत्यक्ष, प्रणालीमार्फत) | | | *पेजनं.७४ | ” ” |
| ११ | अनुगमन, समन्वय सम्वन्धी कार्यगर्ने निकायबीच सूचना आदान-प्रदान, नलेज सेयरिंग, प्रतिवेदन | | | *पेजनं.३२, ८३, ८४, | ” ” |
| १२ | प्रशासनिक समन्वय परिषद को जिल्ला स्तरीय अनुभव आदान-प्रदान कार्यकम, प्रतिवेदन | | | * पेजनं.८६ | ” ” |
| १३ | जिल्लाका निकायको लेखापरिक्षण,बेरुजुमा ताकेता | | | * पेजनं.७७ | ” ” |
| १४ | जिससका अन्य ५३ वटा जिम्मेवारी/ कार्यकमहरु कार्यान्वयनको लागि | | | * पेजनं. ११ | ” ” |
| १५ | जिससको कार्ययोजनाका ४९ वटा जिम्मेवारी/ कार्यकमहरु कार्यान्वयनको लागि | | | * पेजनं. १-११३ | ” ” |
| १६ | तहां मन्त्रालयबाट जिल्लास्तरीय कार्यालय/पालिकाहरुमा सूचना/निर्देशनपत्र जारी/संप्रेषण हुंदा जिससलाई समेत बोदार्थ दिइ जिससहरुको समन्वयकारी जिम्मेवारी कार्यान्वयनमा सहयोग गर्ने। | | | * पेजनं.१०८ | ” ” |

**१.५ मोरङको बिराटनगरमा मितिः २०८३ बैशाख २५ गते आयोजित पत्रकार सम्मेलनमा उपलब्ध प्रेस नोट मा उल्लेखित ८ वटा जिम्मेवारीहरु क्रमशः कार्यान्वयनमा लैजाने ।**

१.६ **तेह्रथुम, संखुवासभा र ताप्लेजुङ जिल्लाको संगमस्थल** तथा गुराँसको राजधानी भनेर चिनिने तिनजुरे, मिल्के, जलजले (TMJ) क्षेत्रको पर्यटन बिकास, सांस्कृतिक प्रवर्धन तथा सडक पुर्वाधारको स्तरोन्नतिमा समन्वय एवं याक चौरी अवलोकन सहित नयाँबर्ष २०८३ को पावन अबसर पारेर शुभकामना आदान प्रदान जस्ता बिषय समेतलाई जोडेर यस्तो महत्वपूर्ण कार्यक्रम तय गर्नु भएकोमा आयोजक समिति का अध्यक्ष तथा प्रतिनिधि ज्यूहरु गौरवको पात्र हुनुहुन्छ ।

जिल्ला समन्वय समितिका जिम्मेवारीहरु स्थानीयकरण भनेको यहिनै हो । जिल्ला समन्वय समितिले गर्ने समन्वय, समीक्षा, अनुगमन, क्षमता विकासका जिम्मेवारीहरु मध्ये यहां सबै ५ वटै विषयगत क्षेत्रहरु (१.सुशासन तथा संस्थागत विकास २.सामाजिक बिकास ३.आर्थिक बिकास ४.पूर्वाधार बिकास ५.बन, वातावरण तथा बिपद् ब्यवस्थापन) लाई जोडिएको छ ।

यसरी जिसस महासंघ कोशीले माथी उल्लेखित ५ वटा बिषय क्षेत्रमा नै समन्वय (यहां समन्वय भनेको कार्यक्रम गरेर गरिएको/भएको भन्ने बुझ्नु पर्दछ) गरिएको एउटा उदाहरण प्रस्तुत गरिएको छ । प्रदेश समिति महासंघको यो प्रयास बाट कोशी प्रदेशका जिसस हरुले आफ्ना जिम्मेवारीहरु कार्यान्वियन/स्तरीकरण गर्ने तरिका को सिकाई समेत भएको छ ।

यो कार्यक्रमबाट जिससले निम्न सवालमा समन्वय भएको उदाहरण (तर यो एउटा सानो उदाहरण मात्र हो) प्रस्तुत गरेको छ । जस्तैः

| **क्र.सं.** | **जिससको जिम्मेवारी - समन्वय गर्ने (समन्वय भएको विषय क्षेत्र)** | **समन्वय भएको उदाहरण (जिसस वा जिसस महासंघ कोशीबाट - कार्यक्रम गरि - समन्वय भएको उदाहरण)** | **कैफिएत** |
|---|---|---|---|
| १ | १.सुशासन तथा संस्थागत बिकास | कार्यपत्र प्रस्तुती गर्ने कार्यक्रमबाट जिससको संस्थागत क्षमता बिकासमा टेवा पुग्ने भएकोले यो सुशासन तथा संस्थागत बिकास मा समन्वय गर्ने जिम्मेवारी अन्तर्गत को बिषय क्षेत्रहो ।<br>त्यस्तै जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिकामा उल्लेखित प्रमुख सवालहरुमा गरिने/हुने प्रस्तुति भनेको जिससको संस्थागत बिकास तथा आन्तरिक नियन्त्रण प्रणाली मजबुधी मा टेवा पुग्नु हो । र यो पनि सुशासन तथा संस्थागत बिकास अन्तरगत कै बिषय क्षेत्रको हो । | यहां **जिसस महासंघले** १.सुशासन तथा संस्थागत बिकासमा यसरी समन्वय गर्यो । |
| २ | २.सामाजिक बिकास | तिनजुरे, मिल्के, जलजले (TMJ) क्षेत्रको सांस्कृतिक प्रवर्धन (यहां बसन्तपुर, तेह्रथुममा सांस्कृतिक नाच, बाजाघाजा, संगित, खेलकूद कार्यक्रम आयोजना गरिनु/हुनु) कार्यक्रम आयोजना गर्नु भनेको सामाजिक बिकासको क्षेत्र हो । | यहां **जिसस महासंघले** २.सामाजिक बिकासमा यसरी समन्वय गर्यो । |
| ३ | ३.आर्थिक बिकास | यो कार्यक्रम स्थल र यहां (बसन्तपुर, तेह्रथुममा) यति ठूलो संख्यामा भएको/हुने उपस्थितिको उदेश्य भनेको यो क्षेत्रको पर्यटन प्रवर्धनमा टेवा पुर्याउनु हो । र यो भनेको आर्थिक बिकास को क्षेत्र हो । | यहां **जिसस महासंघले** ३.आर्थिक बिकासमा यसरी समन्वय गर्यो । |
| ४ | ४.पूर्वाधार बिकास | यो क्षेत्रको रणनीतिक सकड पूर्वाधार (मदन भण्डारी राजमार्ग) स्तरीकरणमा समन्वय (जिसस महासंघ कोशीले गरेको समन्वय) गरिनु भनेको पूर्वाधार बिकासको क्षेत्र हो । | यहां **जिसस महासंघले** ३.आर्थिक बिकासमा यसरी समन्वय गर्यो । |
| ५ | ५.बन, वातावरण तथा बिपद् ब्यवस्थापन | त्यस्तै गरी डिभिजन बन कार्यालय तेह्रथुम बाट प्रस्तुत हुने जलवायु परिवर्तनको असरको बिषयमा गरिने/हुने प्रस्तुती बन, वातावरण तथा बिपद् ब्यवस्थापन को बिषय क्षेत्रहो । | यहां **जिसस महासंघले** ५.बन, वातावरण तथा बिपद् ब्यवस्थापनमा यसरी समन्वय गर्यो । |

बिषय क्षेत्रहरुको परिधि भित्र रहि जिल्ला समन्वय समितिले गर्ने "समन्वय गर्ने" जिम्मेवारी बहन गर्ने यसरी नै हो । जिससले यसैमा अन्य उदाहरणहरु थप्दै जानु पर्दछ ।

## २. जिससका जिम्मेवारीहरु मानकमा आधारित हुन जिससले गर्नुपर्ने कार्य

| क्र.सं. | जिल्ला समन्वय समितिका जिम्मेवारीहरु |
|---|---|
| २.१ | जिल्ला स्थिति सरकारी निकाय, पालिकाहरुबाट हुने काम कारवाही, विकास निर्माण, विपद् ब्यबस्थापनमा सन्तुलन भए/नभएको परिक्षण, समीक्षा, क्षमता विकास, बेरुजु फर्छ्यौटमा समन्वय जस्ता सुशासन संग सम्बन्धित जिम्मेवारीहरु भनेको प्राविधिक र ब्यबस्थापकीय जिम्मेवारीहरु हुन । यस्ता जिम्मेवारीहरुमा कार्यसम्पादन गर्दा टटस्थता र निश्पक्षता प्रमुख सर्त रहन्छ । कार्यसम्पादनमा टटस्थता मापन गर्नको लागि ब्यक्तिको निर्णय होइन, सुचकको आधारमा निर्णय लिई प्रतिवेदन प्रस्तुत गर्ने हो । |
| २.२ | संतुलन परिक्षण गर्न गरिने जिम्मेवारी भनेको राज्यको दिशानिर्देश गर्ने जिम्मेवारीहरु हुन् । यस्ता प्राविधिक र ब्यबस्थापकीय जिम्मेवारीहरु बहन गर्ने शिलशिलामा संवेदनशिलता तथा स्पट रणनीति र कार्ययोजना तयार गरेर कार्यान्वयनमा लैजानु पर्दछ । |
| २.३ | जिल्लाको विकास निर्माणमा सन्तुलन भयो वा भएन भनेर जिससले कसरी मापन गर्ने?<br>समन्वय/अनुगमन/समीक्षाका जिम्मेवारीहरु कार्यान्वयन तथ्यमा आधारीत हुनका लागि यस्तो सूचीको जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिका, २०८२ को क.सं.१० जिल्ला सूचना तथा अभिलेख केन्द्र शिर्षक मा केही प्रमुख सूचक तथा मानकहरु उल्लेख गरिएको छ। उक्त सूचक तथा अन्य (५ वटा विषय क्षेत्र) आधारहरुमा निर्धारण गर्दै तथा थप स्तरीकरण गर्दै अगाडी बढाइने छ। |

## ३. जिससको आगामी कार्यदिशा को लागि रणनीति

| क्र.सं. | जिल्ला समन्वय समितिले लिनुपर्ने पहल |
|---|---|
| ३.१ | परियोजना बैंक (Project Bank), मध्यकालीन खर्च संरचना (MTEF) ले संतुलन मापन गर्ने हुंदा यस्तो प्रणाली सुदृढिकरणमा योजना आयोग तथा विषयगत मन्त्रालय, पालिकासंग पहल गरिने छ । जिल्ला स्तरमा कार्यान्वयन हुने जिल्ला सभामा पेश गर्ने, अन्तरजिल्लामा संचालन हुने भए सम्बन्धित जिससले सिफारिस गरेको हुनुपर्ने ब्यबस्थाको लागि पहल गरिने छ। |
| ३.२ | जिल्ला भित्रका स्थानीय कानुनहरु एक अर्का संग नबाभ्किउन भन्ने तर्फ हाम्रो सूझाव छ, कानुनहरु एक अर्कामा सूचीकरण हुन सकेमा तुलना योग्य हुने हाम्रो राय छ। कानुन हरु तुलना योग्य हुंदा निकाय/पालिकाको कार्य सम्पादनमा उत्कृठता आउने हाम्रो राय छ। |
| ३.३ | जिल्ला समन्वय समितिलाई जिल्ला समन्वय अथोरिटि, बिषयगत सूचना केन्द्र, जिल्लाको तालिम केन्द्र को रुपमा स्तरीकृत गर्नको लागि हाम्रो पहल रहने छ। |
| ३.४ | जिल्लाका विषय क्षेत्रगत तथ्याङ्क जिसस वा कुनै आधिकारीक निकायबाट प्रमाणित हुनु पर्ने प्रावधानको लागि पहल गरिने छ। |
| ३.५ | अनुगमन जिससको संबैधानिक अधिकार भएता पनि अन्य निकायहरुबाट विभिन्न स्वरुपमा समेत अनुगमन भइ रहेको मा दाहोरोपना नहुने गरि संयुक्त अनुगमन गर्ने मोडालिटिमा जान पहल गरिने छ। |
| ३.६ | जिससका जिम्मेवारीहरुमा प्रभाव पर्ने विभिन्न कानुनहरु विभिन्न समयमा संशोधन हुन सक्दछन्, उचित समयमा हामी जानकार रहनु आवश्यक छ। |
| ३.७ | किरांतकाल वा सो भन्दा अगाडी देखि विभिन्न (जस्तै थुम, ग्राम, एकाई) प्रकृतीमा ऐतिहांसिक रुपमा जिल्लाको अस्तित्व रही आएकोले हठात जिल्लाको अस्तित्व संविधान वा कानुनवाट हटाउन प्रयास गर्नु नहुने हाम्रो राय छ। |

## ४. आ.ब.२०८३/०८४ मा कोशी प्रदेशका जिससहरुवाट **कोशी प्रदेश सरकार समक्ष प्रस्तुत** कार्यक्रम

आफ्ना जिम्मेवारीहरु प्रभावकारीरुपमा कार्यान्वयमा लैजान को लागि आ.ब.२०८३/०८४ मा कोशी प्रदेशका जिससहरुवाट **कोशी प्रदेश सरकार समक्ष प्रस्तुत** कार्यक्रम

| क्र.सं. | जिससको बिषय विवरण/कार्यक्रम | आवश्यक बजेट रु. |
|---|---|---|
| १ | **प्रशासनिक खर्च:** कार्यालय संचालन, बीमा शुल्क खर्च, मर्मत संभार, आ.ब. अनुसारको दैनिक कार्यसम्पादन डायरी छपाई, कार्यालय इन्धन, पदाधिकारी इन्धन, जिससको आन्तरिक नियन्त्रण प्रणाली सुधिडिकरण, कार्यजिम्मेवारी विबरण (job description) तयारी/वितरण लगाएत । | ६००,००० |
| २ | **समन्वय कार्यक्रम:** निकायहरु संग बैठक, सूचना आदान प्रदान, जिल्लाका पालिकाहरु तथा जिससबाट कानुन सम्बन्धी समन्वय/सपोर्ट, PragatiPortal, NPSAS, PAMS, SuTRA, LGPAS मार्फत जिसस, जिल्लाका निकाय, पालिकामा सरकारले प्राथमिकतामा राखेको बिधुतीय शासन प्रबर्धन नीति कार्यान्वयको स्थितिमा समन्वय प्रतिवेदन लगाएत ।<br><br>जिल्ला समन्वय समितिले गर्ने समन्वय, समीक्षा, अनुगमन, क्षमता विकासका जिम्मेवारीहरु ५ वटा विषयगत क्षेत्रहरु (१.सुशासन तथा संस्थागत बिकास २.सामाजिक बिकास ३.आर्थिक बिकास ४.पूर्वाधार बिकास ५.बन, वातावरण तथा बिपद् व्यवस्थापन) कार्यान्वयनमा जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिकाको क.सं. ८ मा उल्लेखित जिससका ५३ वटा जिम्मेवारी/कार्यक्रमहरु कार्यान्वियन तथा विषय सूची मा उल्लेखित अन्य ४९ वटा कार्यक्रम | ३००,००० |
| ३ | **समीक्षा कार्यक्रम:** जिसस सहित जिल्लाका निकाय/पालिकाहरुको समीक्षा प्रतिवेदन, बुलेटिन प्रकाशन, जिल्लाको विकास निर्माण/अधुरा आयोजना हरुको श्रब्यदृश्य सामाग्री निर्माण, जिल्लामा भएका विपद्को अभिलेख, जिसस/जिल्लाका निकाय/पालिकाको असल अभ्यासको सूची लगाएत ।<br><br>जिल्ला समन्वय समितिले गर्ने समन्वय, समीक्षा, अनुगमन, क्षमता विकासका जिम्मेवारीहरु ५ वटा विषयगत क्षेत्रहरु (१.सुशासन तथा संस्थागत बिकास २.सामाजिक बिकास ३.आर्थिक बिकास ४.पूर्वाधार बिकास ५.बन, वातावरण तथा बिपद् व्यवस्थापन) कार्यान्वयनमा जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिकाको क.सं. ८ मा उल्लेखित जिससका ५३ वटा जिम्मेवारी/कार्यक्रमहरु कार्यान्वियन तथा विषय सूची मा उल्लेखित अन्य ४९ वटा कार्यक्रम | ५००,००० |
| ४ | **अनुगमन कार्यक्रम:** कार्यक्रम अनुगमन, मूल्याङ्कन, (प्रत्यक्ष अनुगमन, प्रणालीमार्फत अनुगमन, जिससमा ले.प. समितिको गठन, जिल्लाका निकाय, पालिकाको बेरुजु संपरिक्षण तथा फछौंट सम्बन्धि अध्ययन , अनुगमन र समन्वय मा जिल्ला स्तरीय संयन्त्रको निर्माण/कृयाशिलता, जिल्लाको संतुलित विकास मापनको लागि जिल्लाको प्रमुख आयात निर्यातको सूची लगाएत ।<br><br>जिल्ला समन्वय समितिले गर्ने समन्वय, समीक्षा, अनुगमन, क्षमता विकासका जिम्मेवारीहरु ५ वटा विषयगत क्षेत्रहरु (१.सुशासन तथा संस्थागत बिकास २.सामाजिक बिकास ३.आर्थिक बिकास ४.पूर्वाधार बिकास ५.बन, वातावरण तथा बिपद् व्यवस्थापन) कार्यान्वयनमा जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिकाको क.सं. ८ मा उल्लेखित जिससका ५३ वटा जिम्मेवारी/कार्यक्रमहरु कार्यान्वियन तथा विषय सूची मा उल्लेखित अन्य ४९ वटा कार्यक्रम | ७००,००० |
| ५ | **क्षमता विकास कार्यक्रम:** जिससका पदाधिकारी, कर्मचारी लाई एक्सेल, लेखा, सन्तुलन परिक्षण, आई टि तालिम । सतर्कता केन्द्र/प्रदेश नीति तथा योजना आयोग संग Project Bank, MTEF, प्रदेश सरकार समक्ष जिससले प्रस्तुत गर्ने कार्यक्रम लेखन सम्बन्धी सामुहिक कार्य अभ्यास, जिसअ ले तयार गर्ने प्रतिवेदन निर्माण लगाएत ।<br><br>जिल्ला समन्वय समितिले गर्ने समन्वय, समीक्षा, अनुगमन, क्षमता विकासका जिम्मेवारीहरु ५ वटा विषयगत क्षेत्रहरु (१.सुशासन तथा संस्थागत बिकास २.सामाजिक बिकास ३.आर्थिक बिकास ४.पूर्वाधार बिकास ५.बन, वातावरण तथा बिपद् व्यवस्थापन) कार्यान्वयनमा जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिकाको क.सं. ८ मा उल्लेखित जिससका ५३ वटा जिम्मेवारी/कार्यक्रमहरु कार्यान्वियन तथा विषय सूची मा उल्लेखित अन्य ४९ वटा कार्यक्रम | ४००,००० |
| ६ | **जिल्ला सूचना तथा अभिलेख केन्द्र को क्षेत्रगत सूचना/तथ्यांक/अभिलेख संकलन, तथा ब्यबस्थापन कार्यक्रम**<br>जिल्लाका/अन्यत्रका रानीतिक दल, निकायहरु, संघ संस्था, विद्धवत बर्ग, पत्रकारहरुसंग बैठक मार्फत जिल्लाका बिषय क्षेत्रगत सूचना/तथ्यांक/अभिलेख संकलन, प्रशासनिक समन्वय परिषद को जिल्ला स्तरीय बैठक मार्फत निकाय/कर्मचारी हरुवाट जिल्लाका क्षेत्रगत सूचना/तथ्यांक/अभिलेख संकलनमा मद्धतपुग्ने लगाएत ।<br><br>जिल्ला समन्वय समितिले गर्ने समन्वय, समीक्षा, अनुगमन, क्षमता विकासका जिम्मेवारीहरु ५ वटा विषयगत क्षेत्रहरु (१.सुशासन तथा संस्थागत बिकास २.सामाजिक बिकास ३.आर्थिक बिकास ४.पूर्वाधार बिकास ५.बन, वातावरण तथा बिपद् व्यवस्थापन) कार्यान्वयनमा जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिकाको क.सं. ८ मा उल्लेखित जिससका ५३ वटा जिम्मेवारी/कार्यक्रमहरु कार्यान्वियन तथा विषय सूची मा उल्लेखित अन्य ४९ वटा कार्यक्रम | ५००,००० |
| ७ | **पुंजीगत प्रस्ताव (जिसस हरुबाट जिल्लागत प्रस्ताव छुट्टै प्रस्तुत हुने)** | |
| | **कार्यक्रमको लागि प्रदेश सरकार समक्ष माग गरिएको जम्मा चालु बजेट (पुंजीगत बाहेक)** | **३०,००,०००** |

अन्त्यमा:


जिल्ला समन्वय समितिको वार्षिक कार्यक्रम संचालन स्रोत पुस्तिका, २०८२ को क.सं. ८ मा जिससले बर्ष भरिमा गर्ने ५३ वटा (प्रशासनिक कार्य तथा कार्यक्रम) जिम्मेवारीहरु उल्लेख गरिएको छ तथा उक्त जिम्मेवारीहरु कार्यान्वयनको खाका, सूचक, मानक सहित ४९ वटा विषय सूचीमा समावेस गरिएको छ ।

आजको जिम्मेवारी, जिम्मेवारी थप प्रस्टिकरणको लागि मानक/सूचक निर्धारण तथा आगामी कार्यदिशा गरि ३ वटा जिससका कार्ययोजनाका जिम्मेवारीहरु प्रस्ट्याइएको उक्त स्रोत पुस्तिका जिससको रणनीतिक दस्तावेज हो । यसमा उल्लेखित जिम्मेवारीहरु शुक्ष्म रुपमा अध्यायन गरी कार्यान्वयन गर्दै जान जिसस हरु संग विशेष अनुरोध छ । उक्त स्रोत पुस्तिकामा आगामी संस्करणको लागि जि.स.स.हरुबाट थप सुझावको समेत अपेक्षा गरिन्छ ।

हामी बहस को लागि बहस मात्र गर्दैनौ । सरकारले हालै प्रस्तुत गरेका शासकीय सुधारका १०० कार्यसूची कार्यान्वयन लगाएत जिसस संचालनका अन्य महत्वपूर्ण सवालहरुमा आबश्यक सुझावहरु प्रस्तुत गर्ने गरिएको छ । हामी हाम्रा जिम्मेवारीहरुमा स्पष्ट छौ र आगामी दिनमा आफ्ना जिम्मेवारी कार्यान्वयन थप उत्कृष्ठता प्रदर्शन गर्दै सरकारले लिएका सुशासनका लक्ष, आर्थिक सूचकका आवधिक लक्ष, संतुलित विकासका सूचक कार्यान्वयनमा प्रतिवद्ध छौ ।


## ९. कार्यक्रम का केही तस्विरहरु

| | | |
|---|---|---|
|   |   |  |
|  |  |  |

| | | |
|---|---|---|
|  |  |  |
| न्यु दिपेन<br>इलेक्ट्रोनिक्स<br>बसन्तपुर |  |  |
|  |  |  |
|  |  |  |
|  |   |  |

## जिल्ला समन्वय समितिका जिम्मेवारीहरुः

आर.आर. गार्डेन, बसन्तपुर, तेह्रथुम २०८३ बैशाख २८-२९




जिल्ला समन्वय समिति ताप्लेजुङ www.dcctaplejung.gov.np

जिल्ला समन्वय समिति पाँचथर www.dccpanchthar.gov.np

जिल्ला समन्वय समिति इलाम www.dccilam.gov.np

जिल्ला समन्वय समिति झापा www.dccjhapa.gov.np

जिल्ला समन्वय समिति सङ्खुवासभा www. dccsankhuwasabha.gov.np

जिल्ला समन्वय समिति तेह्रथुम www. dcctehrathum.gov.np

जिल्ला समन्वय समिति भोजपुर www.dccbhojpur.gov.np

जिल्ला समन्वय समिति धनकुटा www.dccdhankuta.gov.np

जिल्ला समन्वय समिति सुनसरी www.dccsunsari.gov.np

जिल्ला समन्वय समिति मोरङ www.dccmorang.gov.np

जिल्ला समन्वय समिति सोलुखुम्बु www.dccsolukhumbu.gov.np

जिल्ला समन्वय समिति खोटाङ www.dcckhotang.gov.np

जिल्ला समन्वय समिति उदयपुर www.dccudayapur.gov.np

जिल्ला समन्वय समिति ओखलढुङ्गा www.dccokhaldhunga.gov.np


| सम्पर्क : | सम्पर्क : |
|---|---|
| जिल्ला समन्वय समिति महासंघ कोशी प्रदेश समिति<br>c/o प्रमुखको सचिवालय, जिल्ला समन्वय समिति मोरङ<br>देबकोटा चोक, बिराटनगर, मोरङ<br>www.dccmorang.gov.np | जिल्ला समन्वय समिति महासंघ नेपाल<br>जिल्ला समन्वय समिति काठमाण्डौ भवन<br>बबरमहल, काठमाण्डौ, नेपाल<br>www.adccn.org.np |